# बाँफिकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बाँफिकोट, रुकुम (पश्चिम)
### कर्णाली प्रदेश, नेपाल

## मोटरसाईकल खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७५/०९/२७ गते)**

१. यस कार्यालयलाई आवश्यक पर्ने मोटरसाईकल सप्लाई गर्न ईच्छुक उत्पादक कम्पनीको नेपालमा रहेको आधिकारीक बिक्रेता (Importer) वा स्थानिय एजेण्ट (Authorized Dealer of Importer) ले मात्र देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि रितपूर्वकको दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२. सूचना प्रकाशित भएको मिति देखी १५ औ दिनको कार्यालय समय भित्र दरभाउपत्रदाताले अध्यावधिक गरेको फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको ईजाजतपत्र, मूल्य अभिवृद्धि कर (VAT) मा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्र, आ. व. २०७४/०७५ सम्मको करचुक्ता गरेको प्रमाणपत्र वा आ. व. २०७४/०७५ को कर र आय विवरण पेश गरेको प्रमाणपत्र, नेपालमा रहेको आधिकारीक बिक्रेता (Importer) को हकमा उत्पादक कम्पनीबाट तथा स्थानिय एजेण्टको हकमा Importer ले यस कार्यालयमा दरभाउपत्र खरिद तथा दाखिला गर्ने अधिकार प्रत्यायोजन गरेको Manufacturer's Authorization Letter (तोकिएको ढाँचा अनुसार) का प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु निवेदन साथ पेश गरि नियमानुसार लाग्ने राजस्व दस्तुर (फिर्ता नहुने) बुझाई दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईनेछ ।

३. खरिद गरिएका दरभाउपत्र फारमहरुको महलहरु दरभाउपत्रदाताले स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरि सूचना प्रकाशित भएको मिति देखी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गरि सक्नुपर्नेछ ।

४. दरभाउपत्र दाखिला गर्दा दरभाउपत्र जमानत वापतको रकम यस कार्यालयको लक्ष्मी बैंक लिमिटेड, बाँफिकोट रुकुममा रहेको धरौटी खाता नं. ०९४११०००००५० मा दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानीपत्र (Unconditional Bid Bond) दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको बैंक भौचर, रसिद वा बैंक जमानीपत्र यो सूचना प्रकाशित भएको मिति पछीको हुनुपर्नेछ । बैंक जमानी पत्रको म्याद दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति देखी कम्तिमा ७५ दिनको हुनुपर्नेछ ।

५. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारमहरु यस कार्यालयमा दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन दिउँसो १:०० बजे दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ तर दरभाउपत्रदाताहरु तथा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र फारम खरिद गर्ने तथा दाखिला गर्ने दिन सार्बजनिक विदा परेमा उक्त कार्यहरु विदा पछी कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।

६. रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

७. दर्ता हुन आएका दरभाउपत्रहरु स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहनेछ ।

८. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

९. अन्य कार्य विधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन समेत) अनुसार साथै नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

१०. अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | दरभाउपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| BFRM/SQ/GOODS/01/2075/076 | Petrol Engine Motorcycle, Engine Displacement Capacity Not Less than 148 CC. Max. Power output not less than 13 BHP & Max. Torque Not less than 12 Nm@ governed rpm. & Others are as per approved technical specification. | थान २ (दुई) | १,०००/- | कबोल अंकको कम्तिमा २.५० प्रतिशत |
| | Petrol Engine Motorcycle, Engine Displacement Capacity Not Less than 140 CC. Max. Power output not less than 10 BHP & Max. Torque Not less than 12 Nm@ governed rpm. & Others are as per approved technical specification. | थान १ (एक) | | |

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner